स्थायी लेखा नं.: ३०३४२५०२७ समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

# नेपाल ईन्जिनियर्स एशोसिएसन

**केन्द्रिय कार्यालय**
पुल्चोक, ललितपुर

३२ औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
ई. प्रा. डा. त्रिरत्न बज्राचार्य
उपाध्यक्ष
ई. आशिष घिमिरे
महासचिव
ई. छवि राज पोखेल
उपमहासचिव
ई. कपिल आचार्य
कोषाध्यक्ष
ई. राम एकवाल यादव
सह-कोषाध्यक्ष
आ. चाँदमाला श्रेष्ठ
सदस्यहरु
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे (कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी (गण्डकी प्रदेश)
आ. जनक राज जोशी (सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का (प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव (प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक (प्रदेश नं. ३)
ई. डेग राज पौडेल (प्रदेश नं. १)

मितिः २०७७ फागुन १०

## प्रेस विज्ञप्ती

सम्माननीय प्रधानमन्त्री के.पि शर्मा ओलीज्यूको सिफारिस अनुसार सम्माननीय राष्ट्रपतिज्यूबाट गत २०७७ पुष ५ गते नेपालको संघीय संसद विघटनको कदम विरुद्ध सम्मानीत सर्वोच्च अदालतमा परेको रिट निवेदनहरु हाल विचाराधिन अवस्थामा रहेको सर्वविदितै छ । संसद विघटनको घटनाले देशमा राजनीतिक स्थायीत्व र मुलुकको विकास र समृद्धिका पक्षमा जाहेर भएको अपार जनमतको अवमूल्यन भएको छ । साथै पाँच वर्ष सरकार चलाउन जनताले दिएको अभिमतलाई लत्याउँदै राष्ट्रपति तथा प्रधानमन्त्रीबाट चालिएको यो कदम गैर सम्बैधानिक छ । नेपालको संविधानको धाराको गलत जिकिर र औचित्य पुष्टि गरी संसद विघटन गरिनु लोकतान्त्रिक शासन व्यवस्था माथि भएको गम्भीर प्रहार हो भन्ने हामीले ठानेका छौं । COVID -19 को संक्रमण र त्यसको असरबाट जर्जर बनेको मुलुकको विद्यमान अर्थ व्यवस्थामा थप भार पर्ने गरी देशलाई मध्यावधि निर्वाचनमा धकेल्ने अविवेकी निर्णयले समृद्ध नेपाल सुखी नेपाली को नारामाथी नै तुषारापात भएको छ । तसर्थ संसद विघटनको कदम संबैधानिक र राजनैतिक दृष्टिकोणबाट औचित्यहीन, अनुचित र अलोकतान्त्रिक कार्य भएको हुँदा यसका विरुद्ध संघर्षरत सम्पूर्ण नागरिक समाज, विभिन्न राजनैतिक दलहरु लगायत सरोकारवाला पक्षहरुको जारी आन्दोलन प्रति नेपाल इन्जिनियर्स एशोसिएसन ऐक्यवद्धता जाहेर गर्दछ ।

साथै संसद विघटनको असंवैधानिक कदमका विरुद्ध प्रदर्शन गर्दा आम जनताको आवागमन तथा दैनिकीमा असर नपर्ने गरी संयमित रुपमा गर्न गराउन हुन सरोकारवाला सम्पूर्ण पक्षमा हार्दिक अनुरोध गर्दै लोकतन्त्र र संविधानको रक्षाका लागि एकतावद्ध रहन सम्बन्धित सवैमा नेपाल इन्जिनियर्स एशोसिएसन हार्दिक अपिल गर्दछ । सम्माननीय प्रधानमन्त्रीज्यूको यो असंवैधानिक कदमप्रति सम्मानित सर्वोच्च अदालतले विवेकपूर्ण निर्णय गर्नेछ भन्ने अपेक्षा गर्दछौं ।

ई. छवि राज पोखेल
महा सचिव